नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७८ पौष महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-२ अंक-६

### १. परिचय

नेपाल सरकारको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने परिषद्को जिम्मेवारी रहेको छ ।

### २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

### ३. परिषद्ले २०७८ पौष महिनामा सम्पादन गरेका कार्यहरू

#### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर पौष महिनामा हराएका, उजुरी परेका ४०१ जना (बालक १११ र बालिका २९०) बालबालिकाको खोजतलास गरी २२९ जना (बालक ७० र बालिका १५९) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने १७२ जना बालबालिका (बालक ४१ र बालिका १३१)को खोजतलास कार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यसका साथै यस आर्थिक वर्षमा हराएको उजुरी परेका बालबालिका निरन्तर खोजी प्रक्रियाका क्रममा थप ८१ (बालक २६ र बालिका ५५) जना बालबालिका थप फेला परी परिवारमा पुनःस्थापना गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा ३३ जना (बालक १९ र बालिका १४) बालबालिका फेला परेका थिए । जसमध्ये १३ (बालक ६ र बालिका ७) जना बालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने २० (बालक १३ र बालिका ७)जना बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।



ख) यस महिनामा १९ जना (बालक १८ र बालिका १) सडक बालबालिकाको उद्धार गरिएको छ । यी बालबालिकाको परिवारको खोजीकार्य सूचारु रहेको छ भने हाल सबै बालबालिकालाई संरक्षण गृहमा व्यवस्थापन गरिएको छ । गत आर्थिक वर्षमा र यस आर्थिक वर्षको साउनदेखि मंसिर महिनासम्म सडकबाट उद्धार गरिएका मध्ये १२ (बालक ९ र बालिका ३) जना बालबालिकालाई पौष महिनामा परिवारमा पुनर्मिलन गरिएको छ ।

(ग) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १८ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा निरन्तर सहयोग हुँदै आइरहेको छ । जस अनुसार कैलाली ९, बाँके ७, सुर्खेत २७, दैलेख २, कालिकोट १, कास्की १०, बारा ८, धनुषा १, उदयपुर १, रुपन्देशी ८, मकवानपुर १३, सुनसरी ४, मोरङ्ग ४, काठमाडौंबाट १२, इलाम २ र संखुवासभाबाट ३ जना गरी जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका कूल ११२ जना (बालक ५३ र बालिका ५९) बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ६७ जना बालबालिका (बालक ३२ र बालिका ३५)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना ३३ जना (बालक १५ र बालिका १८)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने १२ जना (बालक ६ र बालिका ६)लाई संस्थागत संरक्षणमा बस्ने व्यवस्था मिलाईएको छ । चालु आ.व.को पौष मसान्तसम्म कुल ४६६२ जना बालबालिका (बालक १८८२ र बालिका २७८०)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य उपचार सहयोग | ९१ | १८३ | २७४ |
| २ | मनोसामाजिक मनोविमर्श | ५१६ | ६७४ | ११९० |
| ३ | पारिवारिक परामर्श | ४७५ | ६९१ | ११६६ |
| ४ | अल्पकालिन आश्रय वा अस्थायी संरक्षण सेवा | १९२ | २६० | ४५२ |
| ५ | कानूनी परामर्श | ११९ | ३१३ | ४३२ |
| ६ | शैक्षिक सहयोग | १९३ | २२३ | ४१६ |
| ७ | आयआर्जन सहयोग | ४ | ४ | ८ |
| ८ | बाल विवाह रोकथाम सहयोग | २१ | ८० | १०१ |
| ९ | अन्य सहयोग | २७१ | ३५२ | ६२३ |
| | जम्मा | १८८२ | २७८० | ४६६२ |

(घ) यस महिनामा ललितपुर, काठमाडौं र पोखराका १८ वटा (११ वटा अस्थायी संरक्षण तथा वैकल्पिक हेरचाह केन्द्र र ७ वटा बालगृह) को स्थलगत अनुगमन गरिएको थियो जसमा ४७४ (बालक २४६ र बालिका २२८) जना बालबालिका संरक्षित रहेका छन् ।अनुगमन गरिएका मध्ये १६ वटा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका छन् भने २ वटा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका छन् । उक्त १८ वटा अस्थायी संरक्षण तथा वैकल्पिक हेरचाह केन्द्र र बालगृहमा संरक्षित बालबालिका मध्ये दुवै बुवाआमा नभएका ४५ जना बालबालिका संरक्षित छन् भने बुवाको मृत्यु भएका १०१ जना र आमाको मृत्यु भएका ५९ जना बालबालिका रहेका छन् ।

पौष महिनामा परिवार तथा अभिभावक भएका बालबालिकालाई पारिवारिक लेखाजोखा गरी परिवारमा नै पुनर्स्थापना गर्ने कार्य अन्तर्गत परिषद्सँगको समन्वयमा परिवारमा फर्कने वातावरण भएका १०६ जना (४७ बालक र ५९ बालिका) बालबालिकालाई बालगृहहरुले पारिवारिक पुनर्स्थापना गरेका छन्। यस आर्थिक वर्षमा ६ महिनामा ६ वटा बालगृह बन्द भएका छन् ।

(ङ) मिति २०७८/०९/२५ मा राष्ट्रिय बाल अधिकार परिषद्, उर्लावारी नगरपालिका, मेचिनगर नगरपालिकाद्वारा सम्बन्धित स्थानीय तहमा सञ्चालनमा रहेका ४ वटा बालगृहहरूको अनुगमन गरी मापदण्ड पालनाका विषयमा सुझाव प्रदान गरिएको छ । अनुगमनमा सम्बन्धित स्थानीय तहका बालकल्याण अधिकारी तथा बालबालिका शाखा प्रमुखको सहभागिता रहेको थियो।



(च) मिति २०७८ साल पौष ८ गते राष्ट्रिय बाल अधिकार परिषद्, पोखरा महानगरपालिका वडा न १५, बालकलाई विस्तरामा पिसाब गरेको भनि पिसाब गर्ने अङ्ग रवरले बांधेको घटना बारे अनुगमन गरेको थियो । उक्त अनुगमनको प्रतिवेदनका आधारमा राष्ट्रिय बाल अधिकार परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र

१०४, बालहेल्पलाइन १०९८ कास्की, स्थानीय प्रहरी र शक्ति समूह समेतको पहल र रोहवरमा पोखरा महानगरपालिका वडा नं. १५ स्थित एक घरमा मापदण्ड बिपरित जोखिम अवस्था राखिएका ५ बालिका र ४ बालक गरी ९ जना बालबालिकालाई उद्धार गरी अस्थायी संरक्षणको व्यवस्था गरिएको छ । मापदण्ड विपरित बालगृह सञ्चलन गर्ने र बालबालिकालाई दुर्व्यवहार गर्ने उपर अनुसन्धान भैरहेको छ ।

(छ) यस महिनामा विशेष संरक्षणको आवश्यकता भएका २१ (बालक १७, बालिका ४) जना बालबालिकालाई आर्थिक सहयोग गरिएको छ । जसमध्ये क्यान्सर भएका ९ जना, शैक्षिक सहयोग ६ जना, पोषणका लागि ३ जनालाई, मुटुको समस्या भएको १ जना, पेट सम्बन्धी समस्या भएका २ जनाका लागि आर्थिक सहयोग प्रदान गरिएको छ।

## ४. समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७८ पौष १३ गते राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित बालबालिकाको घटनाहरू विभिन्न स्वास्थ्य संस्थाहरूमा उपचारका लागि आउने गरेको सन्दर्भमा त्यस्ता बालबालिकाको हिंसा र दुर्व्यवहारको पहिचान गर्ने अभिलेखीकरण तथा अनिवार्य रिपोर्टिङ् गर्नुपर्ने व्यवस्था कार्यान्वयनका लागि "बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहारको पहिचान तथा अनिवार्य रिपोर्टिङ्" विषयमा स्वास्थ्यकर्मीहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा उपत्यकाका १३ वटा अस्पतालका इमरजेन्सी सेवा र बाल स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो भने कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक, नेपाल पेड्रियाटिक सोसाइटीका अध्यक्ष, पेड्रियाट्रिक नर्सेस एसोसियसनका प्रतिनिधि लगायत ५४ जनाको उपस्थिति रहेको थियो ।

(ख) मिति २०७८ पौष २७ गतेका दिन राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा नेपाल प्रहरीको महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान तालिम १३ औं समूहका २८ जना प्रहरी कर्मचारी (उपरिक्षक र प्रहरी निरिक्षक)हरुलाई बाल संरक्षण प्रणाली, बाल मैत्री सेवा प्रवाह, बालबालिका खोजतलास समन्वय केन्द्र १०४को प्रभावकारी सञ्चालनका विषयमा अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।



(ग) मिति २०७८ पौष ५ देखि ७ गतेसम्म जिल्ला समन्वय समिति मुगुको आयोजना, राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरण र युनिसेफ नेपालको सहयोगमा स्थानीय तहमा बाल संरक्षण प्रणाली सुदृढीकरण, संरक्षण र सेवा प्रवाह विषयक जिल्लास्तरीय अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम मुगु जिल्लाको गमगढीमा सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका कर्मचारी, स्थानीयतहका उपप्रमुख, उपाध्यक्षज्यूहरु, बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख स्वास्थ्य शाखाका प्रमुख लगायत जिल्ला प्रहरी कार्यालयका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका कर्मचारी गरी कूल ३१ जनाको सक्रिय सहभागिता रहेको थियो । साथै स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणालीको स्थापना तथा बाल संरक्षण सेवा प्रवाहको लागि ६ बुँदे प्रतिवद्धता समेत गरिएको छ ।



(घ) मिति २०७८ पौष २१ गते राष्ट्रिय बाल अधिकार परिषद्को समन्वयमा गण्डकी प्रदेशमा सञ्चालनमा रहेको बाल हेल्पलाईन १०९८, अस्थाई संरक्षण सेवा केन्द्र र सडक बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्था बीच जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण तथा पुनर्स्थापना सम्बन्धी समन्वय बैठक सम्पन्न भएको छ।



(ङ) मिति २०७८ पौष ११ र १२ गते धनकुटा जिल्लाको सहिदभूमी गाउँपालिकाको स्थानीय बाल संरक्षण प्रणाली र बालक्लबको क्षमता अभिवृद्धि सम्बन्धी २ दिने अभिमूखीकरण कार्यक्रम सहिदभूमी गाउँपालकाको आयोजना थियो भने राष्ट्रिय बाल अधिकार परिषद्का सुमन अधिकारीले कार्यक्रमको सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता गाउँपालिका उपाध्यक्ष श्री रत्नेश्वरी राईले गर्नु भएको थियो भने गाउँपालिका अध्यक्ष श्री मनोज राईको प्रमुख आतिथ्यतामा सञ्चान भएको थियो । कार्यक्रममा २५ जनाको उपस्थिति रहेको थियो ।

(च) यस महिनामा राष्ट्रिय बाल अधिकार परिषद्ले अपाङ्गता भएका बालबालिकाको सम्भावित उपचारका लागि जुम्लाका १०, जाजरकोटको १, इलामको २, भक्तपुरका ४, तनहुँका ५, जुम्माका ३३, डोटीका ४ जना गरी जम्मा ५९ जना बालबालिकाको तथ्याङ्क प्राप्त भएको र यी बालबालिका मध्ये ८ जनाको विस्तृत लेखाजोखाको लागि सिफारिस गरिएको छ ।

(छ) मिति २०७८ पौष ०८ गतेदेखि बुटवल उपमहानगरपालिका देविनगर रंगशालामा हुन गइरहेको चौथो राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा ब्यापार मेला २०७८ मा बालबालिका हराउन सक्ने, हिंसा, दुर्व्यवहार तथा जोखिममा पर्न सक्ने अत्ति नै सम्भावना रहेकोले सो को प्रतिकार्य गर्नका लागि राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बालबालिका खोजतलास समन्वय केन्द्र १०४, बुटवल, बालहेल्पलाइन १०९८, रुपन्देही बुटवल, जिल्ला प्रहरी कार्यालय रुपन्देहीको सहकार्यमा मिति २०७८।०९।०८ देखि २०७८।०९।२० गतेसम्म १२ दिनका लागि बाल हेल्पडेस्क सञ्चालनमा गरिएको थियो।






(ज) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण, मन्त्रालयको परिपत्र पश्चात र स्थानीय तहसँगको निरन्तर अन्तरक्रियाबाट स्थानीय तहमा हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि २३८ (प्रदेश नं. १ मा ६६, प्रदेश नं. २ मा ३२, बागमति प्रदेशमा ६६, गण्डकी ११, लुम्बिनीमा १६, कर्णाली प्रदेशमा २४ र सुदूरपश्चिममा २३) वटा स्थानीय तहमा बाल संरक्षण कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी १७३ (प्रदेश नं. १ मा ३०, प्रदेश नं. २ मा २६, कर्णाली प्रदेशमा २२, बागमती प्रदेशमा ५७, गण्डकीमा १३, लुम्बिनी प्रदेशमा १० र सुदूरपश्चिममा १५) स्थानीय तहमा बाल अधिकार समिति गठन भएको छ । यसका साथै ९१ (प्रदेश नं. १ मा १२, प्रदेश नं. २ मा २०, बागमति प्रदेशमा २५, लुम्बिनी प्रदेशमा ५, गण्डकी ७, कर्णाली प्रदेशमा १५ र सुदूरपश्चिममा ७) स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि १७१ (प्रदेश नं. १ मा ३०, प्रदेश नं. २ मा १०, बागमती प्रदेशमा ६३, गण्डकी प्रदेशमा १५, लुम्बिनी प्रदेशमा १५, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिममा २२) स्थानीय तहमा बालकोष स्थापना गरी आवश्यकता अनुसार परिचालन भएको छ ।


## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम


क) कोभिड महामारीको प्रभाव कम गर्नका लागि हाल नेपाल सरकारले १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई खोप उपलब्ध गराउने कार्य पनि यसै महिनाबाट सुरुवात गरेको छ । यसका साथै परिषद्का तर्फबाट कोभिड महामारीमा प्रभावित तथा सङ्क्रमित बालबालिकाको पहिचान, दूर मनोविमर्श, सेवा तत्काल बाल संरक्षण तथा बाल संवेदनशील सेवा प्रवाहका लागि **कोभिड सङ्कट बालबालिका सहायता स्वास्थ्य स्वयम्सेवी समूह** गठन गरी सातै प्रदेशमा परिचालन समेत गरिएको छ ।

ख) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७८ पौष मसान्तसम्म २० वर्षसम्मका ७८ हजार ४ सय ४२ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका १९ हजार ९ सय ३२ जना बालबालिका (बालक ११५९७ र बालिका ८३३५) प्रभावित भएको देखिन्छ । कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना र दोस्रो भेरियन्टका कारण ५० गरी जम्मा ८८ जना बालबालिकाको कोभिडका कारण ज्यान गुमाउनु परेको छ । कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।




*राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित ,*
*,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।*

रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .
९८४१३८६८७१ म)ो(.
इमेल:- ram@ncrc.gov.np, rambdrchand@gmail.com,
contact@ncrc.gov.np
वेबसाइट:-www.ncrc.gov.np,
ई-पोर्टल:- www.childrights.gov.np
Facebook:-
https://www.facebook.com/ncrc.nepal.5,
https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc

## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका १९ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।